# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (५), संख्या ७, हुप्सेकोट, भदौ १ गते मंगलबर, २०७८ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम संचालन कार्यविधि,२०७८

## हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम संचालन कार्यविधि,२०७८

**प्रस्तावना :**

हुप्सेकोट गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रम बमोजिम हुप्सेकोट गाउँपालिका भित्रका छोरीहरुको आर्थिक सामाजिक सुरक्षाको लागि गाउँपालिका भित्र छोरी सुनौलो भविष्य कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि कार्यविधि आवश्यक भएको हुदा हुप्सेकोट गाउँपालिकाको कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हुप्सेकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**(१) यस कार्यविधिको नाम "हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम संचालन कार्यविधि २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अभिभावक" भन्नाले कार्यक्रममा सहभागी भएका छोरीको बाबु वा आमा वा दुवैलाई सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम सम्झनुपर्दछ ।

(ग) "खातावाला" भन्नाले हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम अर्न्तगत खाता खोलिएको छोरी लाई सम्झनुपर्दछ ।

(घ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश लाई सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) "सम्झौता" भन्नाले गाउँपालिका र सेवा प्रदायका संस्था बीच भएको सम्झौता लाई सम्झनु पर्दछ ।

हुप्सेकोट गाउँपालिका

(छ) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त गरी नवलपरासी (ब.सु.प.) अन्र्तगत शाखा कार्यालय रहेको वाणिज्य बैंक वा गाउँपालिकाले बैङ्किङ्ग कारोबारगरि रहेको बैंक लाई सम्झनु पर्छ।

## परिच्छेद-२

## छोरी सुनौलो भविष्य, सुरक्षा जीवन भरीको कार्यक्रम

**३. कार्यक्रम आवद्ध हुने :** (१) संवत् २०७८ साल श्रावण १ गते वा सो मिति भन्दा पछि जन्मेका छोरी मात्र कार्यक्रममा आवद्ध हुन सक्नेछन् । छोरीलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले जन्मदर्ता र आवश्यक अन्य कागजातहरु संलग्न गरी गाउँपालिकामा अनुसूची - १ बमोजिमको ढाचाँ निवेदन दिनु पर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँच बुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रकृया पुर्‍याई कार्यक्रम अन्र्तगत खाता खोल्नको लागि कागजात सहित सम्बन्धित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदाय संस्थामा अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिस गरि पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्र्तगत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नं. सहितको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

(४) सम्वत् २०७८ साउन १ गते वा सो मिति पछि जन्मिएका छोरीलाई कार्यक्रममा आवद्ध गर्नु निजका अभिभावकको कर्तव्य हुनेछ ।

(५) यस दफा बमोजिम कार्यक्रममा आवद्ध हुनको लागि समवत् २०७८ साउन १ गते देखि जन्मेको मितिले ४५ दिन भित्र गाउँपालिकामा निवेदन दिई सक्नु पर्नेछ ।

**४. गाउँपालिकाले रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुने :** (१) २०७८ साल साउन १ गते वा सो मिति पछि जन्मिएका हुप्सेकोट गाउँपालिका भित्रका छोरीलाई छोरी सुनौलो भविश्य कार्यक्रम अन्र्तगत निज छोरी १६ वर्षको हुदा सम्म हुप्सेकोट गाउँपालिकाले एकमुष्ट ५०००। (अक्षरुपी पाँच हजार रुपैया मात्र) बैंक खातामा जम्मा गरि दिनु पर्छ यसरी उपलब्ध गराउने रकम गाउँपालिकाले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम खोलिएको बैंक खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफनो तर्फ बाट समेत रकम जम्मा गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको रकम एक दम्पतीको बढीमा दुई छोरीलाई मात्र उपलब्ध गराईनेछ। तर जुमल्याह सन्तानको हकमा यो सिमा लागु हुने छैन ।

**५. खातावाले पाउने सेवा सुविधा सम्बन्धि व्यवस्था :** (१) कार्यक्रम अर्न्तगत खातावाले पाउने सेवा सुविधा सम्बन्धित गाउँपालिका र सेवा प्रदायक संस्था बीचको सम्झौता बमोजिम हुनेछ ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावाले पाउने व्याज तथा अन्य सुविधाहरु व्यक्तिको खाता मानै जम्मा गर्नु पर्नेछ ।

**६. खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धि व्यवस्था :** (१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावाले १६ वर्ष पुरा भएको र कक्षा १० SEE वा सो सरह पुरा गरेको प्रमाण सहितको निवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ । यस्तो निवेदन प्राप्त भए पछि गाउँपालिकाले रकम भुक्तानी दिनको लागि सेवा प्रदायक संस्था लाई लेखि पठाउनेछ । गाउँपालिकाबाट लेखि आए पछि मात्र सेवा प्रदायक संस्थाले खाातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने व्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको व्यहोरा आफ्नो अभिलेखमा जनाई राख्नु पर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा त्यस्तो व्यहोरा पुष्टी हुने कागजात सहित खातावाला वा निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै वा छोरीको कक्षा १० (SEE वा सो सरह) शिक्षा पुरा नहुदै पनि खातामा रहेको रकम भुक्तानीको लागि सम्बन्धित गाउँपालिकामा निवेदन दिन सक्नेछ । गाउँपालिकाले बुझ्दा सो व्यहोरा पुष्टी हुन आएमा समयावधी समाप्त हुनु अगावै पनि खातामा रहेको रकम सम्बन्धित खातावालाललाई भुक्तानी दिनको लागि सेवा प्रदायक संस्था लाई लिखित जानकारी गराउनेछ । यसरी जानकारी प्राप्त हुन आएमा सेवा प्रदायक संस्थाले सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षक लाई म्याद पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ ।

(क) खातावाला छोरीको मृत्यु भएमा वा

(ख) असाध्य वा कडा रोग लागेको वा गम्भीर प्रकृतिको अपाङ्गता भएको भनी सरकारी अस्पतालबाट प्रमाणित भइ सोही कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा वा

(ग) अभिभावक वा संरक्षक (व्यक्ति संरक्षक भएको अवस्थामा) को मृत्यु भई आर्थिक कठिनाईका कारणले विद्यालय शिक्षालाई निरन्तरमा दिन वा पुरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा ।

(४) खाताको समयवधि समाप्त हुनु अगावै उपदफा (४) को खण्ड (क) बमोजिम रकम भुक्तानी भएको अवस्थामा त्यस्तो खाताको निरन्तरता रहने छैन । तर खण्ड (ख) र (ग) को अवस्थामा भने खाताको समायावधि सम्म रकम निरन्तर जम्मा भईरहनेछ ।

(५) उपदफा (४) र दफा ३ को उपदफा (१) बमोजिम पेश हुन आएको व्यहोरा वा कागजात र प्रमाणहरु झुट्टा वा किर्ते ठहरिएमा गाउँपालिकाले सेवा प्रदायक संस्थालाई सोको जानकारी गराउनेछ । यस्तो अवस्थामा खाता खोलिने छैन । खोलि सकिएको खाताको हकमा त्यस्तो खातामा रहेको रकम खातावालाई भुक्तानी गरिने छैन। यसरी झुड्ट्ठा व्यहोरा वा कागजात वा प्रमाणहरु पेश गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।

(६) उपदफा (२) र (६) बमोजिम सम्बन्धित खातावालालाई भुत्तानी हुन नसकेको रकम सेवा प्रदायक संस्थाबाट गाउँपालिकाले फिर्ता दिइ सोही कार्यक्रममा खर्च हुने व्यस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३
## सेवा प्राप्ति सम्बन्धित व्यवस्था

**७. सेवा प्राप्त गर्नेः** (१) गाउँपालिकाले सेवा प्रदाय संस्था संग अनुसूची-३ मा उल्लेखित विषयहरु समेटिने गरी सम्झौता गरी कार्यक्रम अन्रतगत खाता संचालनको सेवा प्राप्त गर्नेछन् ।

**८. सम्झौता रद्द हुने :** (१) दफा (७) बमोजिम गाउँपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौता देहायको अवस्था रद्द हुनेछः

(क) सेवा प्रदायकले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा

(ख) सम्झौताका शर्त तथा यस कार्यविधि बमोजिमको व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराई सम्झौता रद्द गर्न सकिने छ ।

(ग) गाउँपालिकाबाट कुनै पनि समयमा कार्यक्रम खारेज गरिएमा सम्झौता रद्द गर्न सकिनेछ ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा रहेको रकम सम्बन्धित खातावालालाई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ र खण्ड (क) र (ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको. रकम अन्य सेवा प्रदायक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ ।

**परिच्छेद-४**

**विविध**

**९. अभिलेख तथा प्रतिवेदनः** (१) गाउँपालिकाले कार्यक्रममा आवद्ध छोरीहरुको आधारभूत अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ । यसरी अद्यावधिक गरेको विवरण प्रत्येक ३/३ महिना पालिकाले आफ्नो वेवसाइट र सूचना पाटीमा समेत प्रकाशित गर्नु पर्नेछ ।

(२) पालिकाले प्राप्त विवरणको आधारमा कार्यक्रममा आवद्ध छोरीको एकिकृत अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) कार्यक्रमको संचालन, प्रतिवेदन र अभिलेख लगायतको कार्यलाई व्यवस्थित गर्नको लागि पालिकाले व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ ।

**१०. अनुगमन, मूल्याङ्कन तथा निर्देशन :** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित वडाको हकमा सोही वडाले र समग्र रुपमा गाउँकार्यपालिकाको कार्यालयले समेत गर्न सक्नेछ ।

(२) गाउँकार्यपालिकाले कार्यक्रम संचालनका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**११. कार्यक्रमको समन्वय तथा खर्च व्यवस्थापनः** (१) कार्यक्रमको संचालन गाउँपालिका र अन्य सम्बन्धित निकायसंगको समन्वय र सहकार्यमा गर्न सकिनेछ ।

**१२. लेखा परीक्षण :** यस कार्यक्रमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१३. अधिकार प्रत्यायोजनः** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिकालाई प्राप्त अधिकार सम्बन्धित शाखा र वडा कार्यालय लाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. बाधा अड्काउ फुकाउ तथा संशोधनः** (१) यस कार्यविधि बमोजिक कार्यक्रम गर्न बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले अड्काउ फुकाइ कार्यक्रम सुचारु गर्न सक्नेछ ।

(२) कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक भएमा गाउँकार्यपालिका बाट संशोधन हुनेछ ।

**अनुसूचि -१**

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित )**

आवद्धताका लागि गाउँपालिकामा दिने निवेदनको ढाँचा

छोरीको फोटो अभिभावका तथा संरक्षकको फोटो

मितिः

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालय,
झ्यालवास, नवलपरासी (बर्दघाट, सुस्तापूर्व),
गण्डकी प्रदेश।

**विषयः कार्यक्रममा आवद्धता सम्बन्धमा ।**

प्रस्तुत विषयमा हुप्सेकोट गाउँपालिकाको हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रममा सहभागी हुन मन्जुर भई आवद्धताका लागि यो निवदेन पेश गरेको छु ।

छोरीको नाम :............................................................
जन्म मिति :...................................................................
जन्म दर्ता नं. .......................................................
जन्म दर्ता मितिः.....................................................

हुप्सेकोट गाउँपालिका

बाबुको नाम :.........................................................
आमाको नाम :.........................................................
बाजेको नाम :...................................................................

**यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।**

१) म छोरी पढाउने र कम्तीमा कक्षा १० (SEE वा सो सरह ) पुरा गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।

२) कानुनले तोकेको विवाहको उमेर भन्दा अगावै विवाह गराउने छैन् ।

३) कार्यक्रममा शर्त नियम तथा निर्देशन तथा प्रतिवद्धता बाहिर अन्य कुनै सेवा र सुविधाको दावि गर्ने छैन् ।

४) म छोरा छोरी बीच लालनपालन, हेरचाह र संरक्षणमा कुनै असमान व्यवहार गर्ने छैन् ।

५) यो कार्यविधि बमोजिमको अवधि वा अवस्था पुरा भएपटि प्राप्त हुने रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरी निजको उज्ज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु

६) उपरोक्त शर्तहरु पुरा नभएको अवस्थामा कार्यक्रम अन्तरगत गाउँपालिकाले उपलब्ध गराईएको बैंक खाता रोक्का गर्न वा खाता बन्द गरी सो खातामा भएको सम्पूर्ण रकम फिर्ता गर्न सहमती व्यक्त गर्दछु । आवदेनमा पेश भएको व्यहोरा र कागजातहरु साँचो हुन् । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**छाप**

दायाँ बायाँ

**निवेदक**

हस्ताक्षर :-

नाम :-

ठेगाना :-

मिति :-

**पेश गन पर्ने कागजातहरुको विवरणः**

१) छोरीको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

२) अभिभावक मध्ये एक वा दुवै जनाको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३) छोरीको पासपोर्ट साइजको फोटो थान-१

४) अभिभावक वा संरक्षकको पासपोर्ट साइजको फोटो थान-१

५) अस्पताल वा स्वास्थ्य केन्द्र वा तालिम प्राप्त सुँडेनीको सेवाबाट प्रसुती भएको भए सम्भव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि ।

**कार्यालय प्रयोजनका लागि**

दर्ता मिति :..............

व्य.सू. प्र.को कोड..................

कार्यक्रममा आवद्ध गराउने निर्णय भएको मिति :......................

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर :

नाम :

दर्जा :

मिति :

हुम्काट गाउँपालिका

**अनुसूची-२**
**(दफा ३ को उपदफा (२) संग सम्बन्धित )**
**खाता खोल्नको लागि गाउँपालिकाले सेवा प्रदायक संस्थामा**
**सिफारिस गर्ने ढाँचा**

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
झ्यालवास, नवलपरासी (बर्दघाट, सुस्तापूर्व), गण्डकी प्रदेश।

मिति :

श्री प्रवन्धक ज्यू,
....................................बैंक
नवलपरासी (बर्दघाट, सुस्तापूर्व), गण्डकी प्रदेश।

**विषय :- खाता खोलिदिने बारे ।**

प्रस्तुत विषयमा हुप्सेकोट गाउँपालिकाको छोरी सुनौलो भविष्य कार्यक्रम अन्तर्गत देहायका व्यक्तिहरुको खाता खोलि दिनु हुन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको छ । निजहरुको खाता खोली खाता नं. सहितको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

देहायः

| क्र. स. | खातावाला छोरीको नाम | जन्म मिति | जन्म दर्ता नं. मिति | अभिभावक संरक्षक को नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**दस्तखतः**
**नामः**
**पदःप्रमुख प्रशासकिय अधिकृत**

**अनुसूची-३**

**(दफा ७ संग सम्बन्धित )**

**सम्बन्धित गाउँपालिका र सेवा प्रदायक संस्थाबीच हुने सम्झौतामा**

**खुलाउनु पर्ने विषयहरु**

**१) सम्झौताको अवधिः** कार्यविधि बमोजिम रद्द नहुँदा सम्म ।

**२) खाता खोल्दा न्यूनतम मौज्दात :** शुन्य मौज्दात ।

**३) व्याजदर :** सेवा प्रदायक संस्थाले उपलब्ध गराउन सक्ने उच्चतम व्याजदर ।

**४) सेवा शुल्क :** रकम जम्मा गर्ने / झिक्ने लगायतका अन्तर बैङ्क सेवा लिंदा शुल्क नलाग्ने व्यवस्था ।

**५) सूचना आदान प्रदान तथा खातामा रकम जम्मा गर्ने सम्बन्धी :**

बैङ्कले खाता खुलेको जानकारी लगायतका सूचना गाउँपालिकालाई समयमै उपलब्ध गराउने र सो को आधारमा गाउँपालिकाले रकम जम्मा गर्नु पर्ने छ ।

**अन्य विषयहरु :**

हुप्सेकोट गाउँपालिका

अनुसूची -४

(दफा ९ को उपदफा (१) संग सम्बन्धित)

**गाउँपालिकाले राख्ने अभिलेखको ढाँचा**

**हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

**झ्यालवास, नवलपरासी (बर्दघाट, सुस्तापूर्व), गण्डकी प्रदेश।**

| क्र स | खातावाला छोरीहरुको नाम | जन्म मिति | जन्म दर्ता नं. र दर्ता मिति | बाबु वा आमाको नाम | ठेगाना | खाता खोलेको बैङ्कको नाम | बैंक खाता नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**प्रमाणिकरण मितिः २०७८।०४।३१**

**राजपत्रमा प्रकाशित मितिः२०७८/०५/०१ मंगलबार**

आज्ञाले,

पवन अर्याल

प्रमुख प्रशासकीय अधिकृत

हुप्सेकोट गाउँपालिका